# विचार

क्रान्तिको महत्व सामाजिक परिवर्तनमा हुन्छ, न कि संघर्ष र रक्तपातमा।
– दादा धर्माधिकारी

इच्छाबाट दुःख निस्कन्छ, इच्छाबाट नै भय, जो इच्छाबाट मुक्त हुन्छ, उसले न दुःख थाहा पाउँछ, न भय।
– बुद्ध

## सम्पादकीय

नेपाल समाचारपत्र

## भूकम्पपीडितको सकस उस्तै

भूकम्प गएको तीन वर्ष बितिसक्दासमेत भूकम्पपीडितले राज्यले प्रदान गर्ने राहतबापतको किस्ता पाउन सकेका छैनन् । पहिलो किस्ता सम्झौता गरेका पीडितहरूलाई दोस्रो र तेस्रो किस्तामा सकस भएको छ भने सम्झौता नै हुन नसकेका पीडितहरूलाई सम्झौताका लागि थप पीडा भएको छ । थुप्रै पीडितको गुनासो अझै व्यवस्थापन हुन सकेको छैन । पछिल्लो समय केही दिनअघि सार्वजनिक गरिएको सूचीमा पनि वास्तविक पीडतहरू छुटेको पाइएको छ । फेरि ३५ दिनको समयसीमा राखेर दिएको अवसरमा पनि गुनासो राख्नेहरू आफ्नो गुनासो सम्बोधन हुने कुरामा निश्चिन्त हुन सकेका छैनन् । पीडित हो वा होइन, एकिन गर्न तीन वर्षभन्दा लामो समय लगाउने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पीडितलाई कसरी न्याय दिन सक्ला भन्ने प्रश्न पनि उब्जन थालेको छ ।

सरकारले पछिल्लो पटक पौष मसान्तको समयसीमा तोकेको थियो । पौष मसान्तभित्र डिपिसीसम्मको तह निर्माण गरी दोस्रो किस्ता लिनेहरूको संख्या ह्वात्तै बढ्यो । केही स्थानमा त्यो तह नै नपुगी फाराम भरिएको पनि फेला पर्‍यो । तर वास्तविक पीडितहरूले दोस्रो किस्ताका लागि भरेको फारामको अझै सुनुवाइ हुन सकेको छैन । तेस्रो किस्ताबापतका पीडितहरूको अर्को गुनासो छ । सम्झौता गरेर पुनर्निर्माण गर्ने पीडितहरूले बैंकमा रकम अभाव हुँदा भुक्तानी पाउन सकेका छैनन् । भूकम्पपीडितका लागि खोलिएको कार्यालय जिल्ला आयोजना कार्यान्वयन एकाइले चालू वर्षको असार मसान्तभित्र भुक्तानी गर्नुपर्ने तथ्यांक सार्वजनिक गरेको छ । ४ अर्ब माग भएको जिल्लाका लागि दुई किस्ता गरेर डेढ अर्ब रकम प्राप्त भएको छ । कार्यालयमा किस्ताबापतको रकम कहिले आउँछ भन्दै सेवाग्राही आउँछन् । आयोजना कार्यान्वयन एकाइले बैंकमा रकम नभएका कारण भुक्तानी गर्न नसकेको जवाफ दिएर फर्काउने गरेको छ । सरकारले समयमै रकम उपलब्ध नगराउँदा ऋण गरेर घर बनाउनेहरूलाई झनै पीडा थपिएको छ ।

भूकम्पबाट अति प्रभावित जिल्लामध्ये एक काभ्रेपलाञ्चोकको मात्रै तथ्यांक हेर्ने हो भने पनि ९० हजार सर्भे गरिएकोमा ७२ हजार ४ सय १७ मात्रै लाभग्राही सूचीमा परेका छन् । दोस्रो किस्ता २५ हजार ४ सय ४५ र तेस्रो किस्ता ६ हजार ९ सय ८२ जनाले मात्र प्राप्त गरेका छन् । रेकर्डमा ४३ हजार १ सय १६ घर बन्दै गरेको देखाइएको छ । प्राधिकरणको सुस्तताका कारण जनताको दबाब थेग्न नसकेको गुनासो स्थानीय जनप्रतिनिधिले गरेका छन् । अति प्रभावित अन्य १३ जिल्लाका पीडितहरूको समस्या पनि उस्तै छ । एकातिर बैंकमा पैसा छैन, अर्कोतिर भएको पैसामा समेत बैंकहरूले आलटाल गरेर समयमै उपलब्ध नगराउँदा पीडितहरूलाई समस्या भएको छ । यतिखेर जनप्रतिनिधिको समेत आलोचना भएको छ । स्थायी सरकारले तत्काल भूकम्पपीडितको समस्या समाधानमा अर्को कदम नचाल्दासम्म भूकम्पपीडितको समस्या जस्ताको तस्तै रहने निश्चित छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# ओलीको चीन भ्रमण र अपेक्षा



विनोद नेपाल

प्रधानमन्त्री केपी शर्मा ओली ६ दिने औपचारिक भ्रमणका लागि चीन गएका छन्। आषाढ ५ गते प्रारम्भ भएको यो भ्रमण १० गते सम्पन्न हुनेछ। प्रधानमन्त्री भएपछिको उनको यो दोस्रो विदेश भ्रमण हो। यसअघि उनले परम्पराअनुसार नै पहिलो विदेश भ्रमण भारतको गरेका थिए भने उनको भ्रमणपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको भ्रमण गरेका थिए।

चीन भ्रमणमा जानुअघि संघीय संसद्का दुवै सदनका बैठकमा आफ्नो भ्रमणबारे जानकारी गराउँदै प्रधानमन्त्री ओलीले सहयोग, सहकार्य र संयुक्त लगानीको तीन ढाँचामा द्विपक्षीय हित प्रवर्द्धनबारे छलफल हुने बताएका थिए। उनले यसअघि सन् २०१६ मार्चमा सम्पन्न चीन भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति कार्यान्वयनमा जोड दिने बताउनुका साथै पुराना सम्झौता कार्यान्वयनसँगै केही थप नयाँ विषयमा पनि छलफल हुने बताएका थिए। सम्बोधनका क्रममा उनले हाम्रो दृष्टिकोण जानकारी गराउने, राष्ट्रिय प्राथमिकतामा रहेका विकासका कार्यसूचीमा छलफल गर्ने, विकासका सम्बन्धमा सहयोग र सहकार्यबारे पनि छलफल हुने बताएका थिए।

प्रधानमन्त्री ओली यसअघि भएका सम्झौता कार्यान्वयन तथा सहयोग, सहकार्य र संयुक्त लगानीका विषयमा छलफल गर्ने, भूकम्पपछि बन्द रहेको तातोपानी नाका सञ्चालनसहित थप नाका शुरूवातका लागि समझदारी गर्ने, व्यापार घाटा न्यूनीकरण, बीआरआई, रेल र सडक सम्पर्क, जलविद्युत् तथा प्रसारण लाइन, निर्माणाधीन आयोजनामा चिनियाँ सहयोग र सहकार्य एवम् पुनर्निर्माणसमेतका विषयमा द्विपक्षीय समझदारीमा हस्ताक्षर गर्नेसमेतका लक्ष्यका साथ चीन भ्रमणमा गएका हुन्।

यो भ्रमणको मुख्य प्राथमिकतामा पहिलो प्रधानमन्त्रीय कार्यकालमा २०७२ चैतमा सम्पन्न भ्रमणमा दुई मुलुकबीच भएको १० बुंदे सहमति कार्यान्वयन रहेको छ। उक्त भ्रमणका क्रममा दुई मुलुकबीच भएका पारवहन तथा यातायातसम्बन्धी सम्झौता, पेट्रोलियम पदार्थ आपूर्ति र भण्डारणलगायत विषयमा छलफल हुने र यसको कार्यान्वयनमा जोड दिने नेपाली पक्षको तयारी छ। यस अतिरिक्त केही नयाँ विषयमा पनि सहमति हुनेछ। यसपटकको भ्रमणमा रेलमार्ग, विद्युत् प्रसारण लाइन र चिनियाँ लगानीजस्ता विषयमा पनि छलफल हुनेछ। नेपालले चिनियाँ पक्षसँग तेस्रो मुलुकसँग व्यापारका लागि चिनियाँ बन्दरगाह प्रयोगका लागि गरेको प्रस्तावको मस्यौदा आदानप्रदान भएको छ। अघिल्लो भ्रमणमा पारवहन तथा यातायात, स्वतन्त्र व्यापार सम्झौता, चीनबाट कुल मागको ३० प्रतिशतसम्म इन्धन ल्याउने विषयमा सहमति भएको थियो। यी सबै विषयमा यस भ्रमणमा टुंगो लाग्ने र कामकाजले गति लिने अपेक्षा गरिएको छ। सीमा जोड्ने सडक तथा सीमा नाकामा बन्दरगाह आदिका विषय पनि छलफलमा पर्नेछन्।

प्रधानमन्त्री ओलीले चीन पुगेकै साँझ 'हिमालवरिपरिको कनेक्टिभिटीलाई बलियो बनाएर दुई पक्षीय सहकार्य अघि बढाउने' बताए। यात्राको पहिलो दिन असार ५ गते साँझ बेइजिङस्थित नेपाली दूतावासले आयोजना गरेको सम्मान कार्यक्रममा उनले यस्तो धारणा राखेका हुन्। चिनियाँ भाषामा पहिलो वाक्य वाचन गरेर सम्बोधन प्रारम्भ गरेका ओलीले हिमालले छुट्याएका दुई मुलुकबीच वारी र पारीको यातायात सञ्जाल बलियो बनाएर दुईपक्षीय सहकार्य अघि बढाउने उद्घोष गरे। चीनलाई 'भरपर्दो छिमेकी तथा मित्रराष्ट्र' भन्दै उनले दुई वर्षअघि आफूले पहिलोपटक प्रधानमन्त्रीको रूपमा चीन भ्रमण गरेर नेपाल-चीन सम्बन्धमा नयाँ अध्याय प्रारम्भ गरेको बताए। नयाँ युगमा नेपाल-चीन सम्बन्धको नयाँ दृष्टिकोणसहित दुई देशबीचको गहिरो विश्वास र समझदारीको विशाल भण्डार लिएर फेरि चीन आएको बताए। स्मरणीय छ, चिनियाँ कम्युनिस्ट पार्टीको १९औं महाधिवेशनपछि राष्ट्रपति सी जीनपिङले चीन नयाँ युगमा प्रवेश गरेको घोषणा गरेका थिए। नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको दोहोर्‍याउँदै प्रधानमन्त्री ओलीले चीनको तीव्र विकासबाट लाभ लिन चाहेको बताए। उनले नेपाल 'बेल्ट एन्ड रोड इनिसिएटिभ्स' अर्थात् 'बीआरआई'मा आबद्ध भइसकेकोले अब ठूला लगानी र हिमालपारिको कनेक्टिभिटीमा जोड दिनुपर्ने पनि बताए।

११९ जनाको जम्बो टोलीका साथ चीन भ्रमणमा गएका उनले आफ्नो अघिल्लो भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयन र थप नयाँ सम्झौतामा भ्रमण केन्द्रित रहने जानकारी दिए। नयाँ सन्धि र सम्झौताहरू मुलुक र जनताको हितमा हुने उनको भनाइ थियो। ओलीले नेपाल र चीनबीच यातायात सञ्जाल, पर्यटन र संस्कृति, व्यापार र लगानी, कृषिमा आधुनिकीकरण, उद्योग र प्रविधि हस्तान्तरण, जनशक्ति र प्राकृतिक स्रोत-साधन तथा वातावरणका क्षेत्रमा सहकार्य हुन सक्ने र मिलेर काम गर्नुपर्ने बताए। नेपालमा अब राजनीतिक अस्थिरताको अन्त्य भएको तथा विकास र समृद्धिको अभियानमा छिमेकको साथ चाहिएको धारणा पनि उनको थियो।

सडक र रेल सञ्जालले नयाँ युगको सहकार्य झल्किने उनको भनाइ थियो। चिनियाँ रेल नेपाल भित्र्याउने कार्य पूरा भए नेपालका साथै चीनको पनि हित हुने भन्दै उनले यसमा हुने सहकार्यले भविष्य थप उज्यालो बनाउने धारणा व्यक्त गरे। परम्परागत 'सिल्क रोड'ले नेपाल र चीनलाई जोडेको बताउँदै चीन र दक्षिण एसियाबीच नेपालले महत्वपूर्ण पुलको काम गर्न सक्ने बताए। दुबै राष्ट्रले सिल्क रोडलाई पुनर्जागरण गर्ने भन्दै आर्थिक समृद्धिमा सहकार्य गरी अगाडि बढ्न नेपाल र चीन तयार रहेको प्रधानमन्त्रीको धारणा थियो। चीनका विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरूको समेत उपस्थिति रहेको सो कार्यक्रममा उनले नेपालमा लगानी गर्न चिनियाँ पक्षसँग आग्रह गरेका थिए। प्रधानमन्त्री ओलीको भ्रमणको दोस्रो दिन उनको उपस्थितिमा दुई देशका सरकारी र निजी कम्पनीबीच ऊर्जा, जलस्रोत, सिमेन्ट उद्योग तथा फलफूल उद्योग स्थापना गर्नेसमेतका विभिन्न आठ परियोजना निर्माण गर्ने समझदारी र सम्झौता भयो। उच्चस्तरीय भेटघाट र वार्तासहितका कार्यक्रम रहेकाले भ्रमणका क्रममा दर्जनभन्दा बढी सहमति र सम्झौतामा हस्ताक्षर हुनेछ।

नेपाल विश्वकै सर्वाधिक जनसंख्या भएका दुई मुलुक भारत र चीनको बीचमा अवस्थित छ। त्यसको लाभ नेपालले पर्यटनबाट लिन सक्छ। नेपालमा प्रशस्त लगानी आवश्यक भएकाले छिमेकका लगानीकर्ताहरूलाई आकर्षित गर्ने नीति लिनु आवश्यक छ, जसका लागि सुरक्षाको प्रत्याभूति तथा स्पष्ट नीतिगत व्यवस्था अपरिहार्य छ। पर्यटनको हकमा दुबै छिमेकी मुलुकका पर्यटक सानो संख्यामै पनि नेपाल आए भने नेपालको लागि पर्याप्त हुन सक्छ। खुला सिमाना तथा सहज भौगोलिक अवस्था भएकाले भारततर्फको आवतजावत सहज भए पनि चीनतर्फको भूबनोट तथा सीमा र आवागमनसमेत सहज छैन। यसले चिनियाँहरूको नेपाल प्रवेशका लागि विभिन्न प्रक्रिया पूरा गर्नुपर्छ। यस सन्दर्भमा भ्रमणका क्रममा चिनियाँ नागरिकहरूलाई सामान्य प्रक्रिया पूरा गरी सहजताका साथ नेपाल भित्रिन सक्ने व्यवस्था गर्नेतर्फ सोच्न सकिए त्यहाँका पर्यटक तथा व्यवसायीहरूलाई थप आकर्षित गर्न सकिनेछ। व्यापारको हकमा पनि सहजीकरण गर्न सकिएमा व्यापार घाटा कम गर्न सकिने भएकाले सो सम्बन्धमा पनि भ्रमणका क्रममा छलफल हुनु उचित हुनेछ।

वर्तमान सरकारले समृद्ध नेपाल सुखी नेपालीको नारा अगाडि सारेको छ। समृद्धिका लागि छिमेकी मुलुकहरूका साथै दातृराष्ट्र र संस्थाहरूसँग सहकार्यको आवश्यकता छ। यस सन्दर्भमा छिमेक तथा सहयोगी मित्र राष्ट्रहरूसँगको सम्बन्ध सुदृढ र सुमधुर बनाउँदै विश्वका बाँकी मुलुकहरूसँग सम्बन्ध स्थापना गर्ने र सहयोग आदानप्रदान गर्नेतर्फ आवश्यक प्रयास प्रारम्भ गरिहाल्नु जरुरी छ। यस क्रममा सर्वप्रथम दुई छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई मजबुत बनाउँदा अन्य मुलुकहरूसँग निकटता बढाउनुपर्छ।

यसै गरी हामीले बुझ्नुपर्ने कुरा छिमेक भ्रमण दोहरो हुनुपर्छ, एकतर्फी मात्र होइन। दूईतर्फी भ्रमणले सम्बन्धलाई सुमधुर र निकट बनाउँछ, समानताको सम्बन्ध स्थापित हुन्छ। ठूलो र सानो मुलुकको विभेद हट्छ, स्वतन्त्र सार्वभौम मित्रराष्ट्रको हैसियतमा सम्बन्ध बन्छ। भारतको हकमा हाम्रा प्रधानन्त्री शपथ खान नभ्याउँदै दिल्ली दौडने, उताका वर्षौंदेखि नआएका र लामो समयदेखि त्यस्तो भ्रमण नभएकोमा वर्तमान भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो चारबर्से कार्यकालमा तीनपटक नेपालको भ्रमण गरिसकेका छन् भने चिनियाँ नेताहरूको भ्रमण अपेक्षित छ। प्रधानमन्त्री ओलीको यो चीन भ्रमणले त्यसका लागि वातावरण बनाउन सक्यो भने त्यो पनि भ्रमणको सफलता नै ठहरिनेछ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो चारबर्से कार्यकालमा तीनपटक नेपालको भ्रमण गरिसकेका छन् भने चिनियाँ नेताहरूको भ्रमण अपेक्षित छ। प्रधानमन्त्री ओलीको यो चीन भ्रमणले त्यसका लागि वातावरण बनाउन सक्यो भने त्यो पनि भ्रमणको सफलता नै ठहरिनेछ।

## पाठक पत्र

### फुटपाथ व्यवसाय बन्द गराऊ

फुटपाथ ओगटेर गरिँदै आएको व्यापारलाई निषेध गर्ने अभियान काठमाडौं महानगरपालिकाले शुरू गरे पनि यसको प्रभाव खासै देखिएको छैन। काठमाडौंको व्यस्त शहरी क्षेत्रमा सर्वसाधारण बटुवाले खेप्नुपरेको सबैभन्दा ठूलो सास्ती भनेकै फुटपाथको व्यापार हो। पिच सडकका सवारीसाधनका कारण खुट्टा राख्ने ठाउँ हुँदैन, पैदल हिँड्नका लागि बनाइएको फुटपाथ व्यापारीका सामानले ओगटिएको हुन्छ। आफ्नै सवारीसाधन हुनेहरूलाई त खासै ठूलो समस्या नहोला तर पैदल यात्रीका लागि भने निकै सकस देखिएको छ। फुटपाथको व्यापार हटाउने पहिलो प्रयास ०४९ सालको स्थानीय निर्वाचनलगत्तै तत्कालीन मेयर पीएल सिंहले गरेका थिए। यसका लागि नगरप्रहरीको व्यवस्थासमेत गरिएको थियो। दुई/चार महिना समस्या समाधान भए पनि नगर प्रहरीकै मिलोमतोमा फुटपाथको व्यापार फस्टायो।

०५४ सालमा केशव स्थापित मेयर बनेपछि फुटपाथको व्यापार हटाउने प्रयास फेरि शुरू भयो। तर, निरन्तरता पाएन। काठमाडौं महानगरपालिकाभित्र फुटपाथको व्यापारमा संलग्नहरूको संख्या कति छ भन्ने यकिन छैन। विभिन्न संघसंस्थाहरूले १० हजारको हाराहारीमा रहेको अनुमान गरेका छन्। देशभरिमा करिब ४ लाख रहेको अनुमान गरिएको छ। यो संख्या सानो होइन। यो ठूलो संख्यालाई स्थायीरूपमा चिढ्याउने जोखिम लिन कुनै पनि जनप्रतिनिधिहरू तयार नभएकै कारण समस्या समाधानका प्रयासहरू 'हात्ती आयो हात्ती आयो फुस्सा' हुने गरेका हुन्।

सानो लगानीमा सजिलै परिवारको आवश्यकता पूरा गर्न सकिने भएकाले काठमाडौंमा फुटपाथ व्यवसायीहरू दिनानुदिन बढिरहेका छन्। सडकमा व्यापार गर्दा भाडा तिर्नु नपर्ने र सरकारलाई कर पनि तिर्नु नपर्ने भएकाले अधिकांश निम्नवर्गीय नागरिकहरू फुटपाथको व्यापारमा आकर्षित भएका हुन्। सानो पुँजीबाट पनि सडक व्यापार गर्न सकिने र पारिवारिक आवश्यकता त्यसैबाट पूरा गर्न सकिने भएपछि निम्न आय भएका मानिसहरू यस व्यवसायमा संलग्न हुन स्वाभाविकै हो।

खासगरी काठमाडौंको सुन्धारा, नयाँ बानेश्वर, रत्नपार्क, कालीमाटी, पाटन, लगनखेल, गोंगबु, नयाँ बसपार्क, गौशाला, चाबहिल, कोटेश्वरलगायतका व्यस्त सडकछेउछाउमा फुटपाथको व्यापार हुने गरेको छ। अरू पसलहरूको भन्दा फुटपाथमा केही सस्तोमा सामान पाइने भएकाले निम्नआय भएका र विशेष गरी काठमाडौंबाहिरका मानिसहरू नै फुटपाथ व्यवसायीहरूका ग्राहक बन्ने गरेका छन्।

खासगरी, महानगर प्रहरीका निम्ति पनि फुटपाथको व्यापार अतिरिक्त आम्दानीको मुख्य स्रोत बनेको छ। फुटपाथ व्यापारी मिलेर एकजना अगुवा बनाएका हुन्छन्। ती अगुवाले सबै फुटपाथ व्यापारीसँग हैसियत हेरेर रकम संकलन गर्छन्। संकलित रकममध्येबाटै महानगर प्रहरीसँग 'डिल' हुन्छ। अर्थात् संकलित रकममध्ये दैनिक केही रकम नगर प्रहरीलाई बुझाइन्छ। त्यसरी रकम बुझाएबापत नगर प्रहरीले फुटपाथको व्यापारप्रति आँखा चिम्लने गर्छन्। लखेटेर गरिने समाधान स्थायी हुँदो रहेनछ भन्ने कुरा पुष्टि भइसकेको छ। यसका लागि महानगरपालिकाको प्रयास पर्याप्त हुँदैन। विस्थापित भएका फुटपाथ व्यापारीको पुन:स्थापनाका लागि दीर्घकालीन योजना संघीय सरकारले नै अघि सार्नुपर्छ।

फुटपाथको व्यापार रहर नभएर बाध्यता हो। रोजगारीका स्रोतहरू बढ्न नसककेको हाम्रोजस्तो मुलुकमा फुटपाथको व्यापारले धेरैको रोजिरोटी चलेको छ भन्ने यथार्थता बिर्सनुहुँदैन। उनीहरूलाई फुटपाथको सट्टा कुनै निश्चित ठाउँ तोक्न सकिन्छ।

*- सुरेन्द्र शाक्य, काठमाडौं*

### किसान कहिलेसम्म मर्कामा ?

झापाको शरणामतीका किसानहरूले आफूले उत्पादन गरेको दूध बिक्री नभएपछि सडकमा ल्याएर पोख्दै गरेको पीडादायक दृश्य अझै सेलाएको छैन। नेपाल बहुउद्देश्यीय सहकारी मेचीनगरद्वारा सञ्चालित डेरीले दूध नकिनेपछि किसानहरू उत्पादित दूध सडकमा पोख्न बाध्य भएका हुन्। यतिखेर वास्तवमा दूधले बजार नपाउने समस्या नहुनुपर्ने हो, किनभने चैतदेखि साउनसम्मको अवधिलाई दूधको ड्राइ वा लिन सिजनका रूपमा मानिन्छ। यतिखेर दूधका उत्पादन नै कम भएका कारण भारतबाट पाउडर दूध आयात गरी सरकारी स्वामित्वका नेपाल दुग्ध विकास संस्थानदेखि निजी क्षेत्रका डेरी उद्योगहरूले पनि दूध उत्पादन गर्ने गरेका छन्। भदौदेखि हरियो घाँस पनि पलाउने, गाईभैंसी ब्याउनेलगायतका कारणले दूधको मूल सिजन शुरू हुन्छ। ड्राइ सिजनमा नै किसानले उत्पादन गरेको दूध सहकारी संस्थाले नकिनिदिएका कारण सडकमा ल्याएर पोख्नुपर्ने अवस्था आउनु भनेको पशुपालक किसानमाथि गरिएको खेलबाड नै हो।

समस्या दक्षिणी झापाका दुग्ध उत्पादक कृषकहरूको मात्र होइन, देशभरिकै पशुपालक किसानहरूले बेलाबेलामा समान किसिमका समस्या झेल्दै आएका छन्। दुग्ध उत्पादक किसानहरू संगठित नभएको र उनीहरूको भन्दा निजी दुग्ध उत्पादक उद्योगहरूको बलियो लबिङ हुने गरेका कारण किसानका आवाज सधैं ओझेलमा पर्ने गरेका छन्। विशेष गरी दूधको मूल्य निर्धारणमा किसानहरूले सदैव आफू अन्यायमा परेको गुनासो गर्ने गरेका छन्। दुग्ध उत्पादनको लागत बढ्दै जाँदासमेत दुग्ध विकास संस्थानमार्फत निर्धारण हुने दूधको मूल्यले किसानलाई लाभ नपुगेको उनीहरूको गुनासो छ।

नेपालमा अझै पनि दुग्ध उत्पादन र खपत सर्वाधिक न्यून रहँदै आएको छ। विश्व खाद्य तथा कृषि संगठन (एफएओ) ले स्वस्थ्य रहन एकजना व्यक्तिले प्रतिवर्ष ९२ लिटर दूध पिउनुपर्ने मापदण्ड तय गरेको र सरकारले प्रत्येक नेपालीले एक वर्षमा ५७ लिटर दूध पिउन आवश्यक रहेको बताउने गरेको सन्दर्भमा नेपालका हकमा भने प्रतिव्यक्ति दुग्ध खपत योभन्दा पनि निकै कम छ।

दूध भनेको केटाकेटी वा वृद्धवृद्धा अथवा बिमारीले मात्र पिउने हो भन्ने गलत मानसिकताले एकातिर जरो गाडेको छ भने अर्कातिर दूधका अन्य सहायक उत्पादनहरूको पनि उपभोग र बजारीकरण निकै कमजोर भएकाले दूधको खपत बढ्न नसकेको हो। 'दूध बेच्नलाई घरघर पुग्नुपर्छ, तर रक्सी बेच्न कुनामा एउटा पसल थापे पुग्छ,' भन्ने नयाँ भनाइ नै बन्न पुगेको छ। यसले नेपाली दुग्ध उत्पादक किसानको वास्तविक अवस्था दर्शाउँछ।

स्वदेशका दुग्ध उत्पादक किसानहरूले उत्पादन गरेको दूधले नै सही ढंगले बजार र उचित मूल्य नपाइरहेको प्ररिप्रेक्ष्यमा सरकारका कृषिमन्त्री नै भारतीय दुग्ध उत्पादक कम्पनी अमूललाई नेपाल भित्र्याउन दत्तचित्त भएर लागेका खबरहरू पनि आएका छन्। विश्वकै सर्वाधिक दुग्ध संकलक र दुग्ध उत्पादन सहकारी संस्था अमूलद्वारा प्रवर्द्धित उक्त कम्पनी नेपाल भित्र्याउँदा यहाँका दुग्ध उत्पादक किसान र स्वदेशी उद्यमीहरूमा के-कस्तो प्रभाव पार्छ भन्ने विषयमा पनि गम्भीर अध्ययन गरिनु जरुरी छ। देशलाई आवश्यकता परेका क्षेत्रमा पुँजी र प्रविधि भित्र्याउनका लागि प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) भित्र्याउनुपर्छ, तर कृषिसम्बन्धी उद्योग वा व्यवसायको संवेदनशीलतालाई ख्याल नगरी आँखा चिम्लेर दुग्ध क्षेत्रमा बहुराष्ट्रिय कम्पनी भित्र्याउने हो भने त्यसको प्रतिकूल प्रभाव पार्ने जोखिम छ।

*- अजश्वी सुनार, पुल्चोक, ललितपुर*

## सामाजिक सञ्जाल



लगन र वीरताको संस्कृति भएकाहरूले समृद्धि निर्माणमा पनि लगन र वीरता देखाउन सक्छन्। गरिबी सधैं रहँदैन। लघुता हुन हुंदैन। नेपाल समृद्ध बन्न सक्छ।

**Nilamber Acharya**
**@nilacharya**



जो मानिस दिलको सुन्दर हुन्छ, ऊ हमेसा एक्लै हुने गर्छ।

**@dpa_spk**



मनमा पिर हुंदा हाँसेको चित्र सुहाउँदैन
साथीभाइको बद्नाम गर्ने मित्र सुहाउँदैन
आफूलाई पर्दा नजिकिन मात्र खोज्छ भने
हो यस्तो मित्र कसैको दिलभित्र सुहाउँदैन।

**विष्णु खनाल**
**@bishnubsk**